केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१८/०८२/८३

मिति : २०८२/११/१९

## सूचना

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

निर्वाचन आयोग नेपालको पत्रबाट प्रतिनिधि सभा सदस्य आमनिर्वाचनलाई मध्यनजर गरी वित्तीय सेवा सुचारु/सञ्चालन गरिदिन यस बैंकलाई अनुरोध भएबमोजिम सम्बत् २०८२ साल फागुन २१ गते विहीबारका दिन हुने प्रतिनिधि सभा सदस्य आमनिर्वाचनका सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) द्वारा फागुन २०, २१ र २२ गते सार्वजनिक बिदा घोषणा भएको तथा २०८२ फागुन १८ गते हिमाली र पहाडी जिल्ला लगायतका ५६ जिल्लामा तथा २०८२ फागुन १९ गते तराईका २१ जिल्लामा होली पर्व/फागु पूर्णिमाको सार्वजनिक बिदा हुने भएकाले उक्त सार्वजनिक बिदा अवधिमा बैंकिङ सेवा प्रवाह/सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन सूचना (पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१७/०८२/८३) जारी गरिएकोमा निर्वाचन आयोग नेपालको मिति २०८२/११/१९ को निर्णयबमोजिम मुलुकभरका मतदाताहरुले एकैपटक मतदान गर्ने दिन (२०८२ फागुन २१ गते) बाहेकको सो सार्वजनिक बिदा अवधिमा देहायबमोजिमका बैंकिङ सेवा प्रवाह/सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन यो सूचना जारी गरिएको छ ।

क) सरकारी कारोबार गर्न तोकिएका वाणिज्य बैंकहरुद्धारा भुक्तानी व्यवस्था र राजस्व दाखिला,

ख) निर्वाचन प्रचारप्रसारका लागि बैंक खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाहरुद्धारा राजनीतिक दल तथा उम्मेदवारहरुको नगद वा चेक वा अन्य विनिमेय साधनहरुको दाखिला, भुक्तानी लगायतका बैंकिङ सेवाहरु ।

भवदीय,

का.मु.कार्यकारी निर्देशक